# मधुवन नगरपालिका नगरकार्यपालिकाको कार्यालय बर्दिया

## नगर स्तरिय स्थानिय तह कर्मचारी संघर्ष समिति

**मिति २०८०/०६/२१**

## प्रेस विज्ञप्ति

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागु भई देश वितीय एवं प्रशासनिक संघियताको कार्यन्वयनमा गएको लामो समय भई सक्दा पनि देशमा प्रशासन सञ्चालन गर्ने मियोका रूपमा रहेको निजामती सेवा ऐन हाल सम्म पनि जारी नभएको कुरा सर्वविदितै छ । यसै सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०/०५/२१ को बैठकबाट संघीय निजामती सेवा विधेयक, २०८० पारित गरी निर्णयार्थ संसदमा पेश गर्ने निर्णय भएको र उक्त विधेयकमा स्थानीय सेवाका कर्मचारीहरूको सेवा सुरक्षा लगायतका विषयमा अस्पष्टता भएकोले स्थानीय तहका कर्मचारीहरूको सेवा सुरक्षा सम्बन्धी विषयलाई समावेश गरी यथाशीघ्र निजामती सेवा ऐन जारी गर्न स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिले **"प्रशासनिक संघीयता पूर्ण कार्यन्वयनको आधार, तिनै तहका कर्मचारीको समान अधिकार"** भन्ने मूल नाराका साथ विभिन्न दवाबमुलक कार्यक्रम सञ्चालन गरिरहेको छ । सोही दवाबमुलक कार्यक्रम अन्तर्गत केन्द्रीय समितिको निर्णयानुसार मिति २०८०/०६/१९ गते देखि देश भरीका सबै स्थानीय तहमा अति आवश्यक सेवा बाहेकका अन्य सबै सेवा प्रवाह नगर्ने गरी अनिश्चितकालिन पेन डाउन (PEN DOWN) गर्ने कार्यक्रम रहेकोले सो कार्यक्रममा यस बर्दिया जिल्ला मधुवन नगरपालिकाका सम्पूर्ण कर्मचारीहरूले पूर्ण ऐक्यवद्धता जनाउँदै गठित नगर स्तारिय संघर्ष समितिको मिति २०८०/०६/१९ गतेको निर्णय अनुसार मिति २०८०/०६/१९ गते देखि मधुवन नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गतका कार्यालयहरूमा अति आवश्यक सेवा बाहेकका अन्य सबै सेवा प्रवाह नगर्ने गरी अनिश्चितकालिन पेन डाउन (PEN DOWN) गरी संघीय सरकारलाई स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिले राखेको माग सम्बोधन गर्न जोडदार दबाब सहित माग गर्दछौं । साथै आन्दोलनका कार्यक्रमबाट सेवाग्राहीहरूमा पर्न गएको असुविधा प्रति हामी क्षमाप्रार्थी छौं ।

मधुवन नगरपालिकाका सम्पूर्ण कार्यरत कर्मचारीहरु २०८० असोज १९

" प्रशासनिक संघीयता पुर्ण कार्यान्वयनको आधार, तीनै तहका कर्मचारीको समान अधिकार "

मधुवन नगरपालिका
(Madhuwan Municipality)
नगर कार्यपालिकाको कार्यालय
(Office of the Municipal Executive)
बर्दिया (Bardiya)
लुम्बिनीप्रदेश, नेपाल(Lumbini Province, Nepal )
Google Plus Code:77RC+RCSanoshreeTaratal

प.सं.: ०८०।८१ मिति : २०८०।०६।२१

च.न २२४

श्रीमान सचिवज्यू
श्री सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार,काठमाण्डौं ।

विषय : कर्मचारीहरुको पेन डाउनका कारण सेवा अवरुद्ध सम्वन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुले संघीय निजामती सेवा विधेयकका सम्बन्धमा राखेका मागहरु वारेमा जानकारी दिइ मिति २०८०।०६।१९ गते दिएको प्रेस विज्ञत्ती अनुसार मिति २०८०।०६।२१ गते देखि अनिश्चितकालिन पेन डाउन गर्ने घोषणाले सेवा प्रवाहमा असर परेको व्यहोरा जानकारीका लागि सादर अनुरोध छ ।

२०८०।६।२१
..................
मान बहादुर गिरी
(प्रमुख प्रशासकिय अधिकृत)
**मान बहादुर गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**

वोधार्थ,
श्री जिल्ला प्रशासन कार्यालय,वर्दिया ।

सादर अवगतार्थ,
श्रीमान नगर प्रमुखज्यू, मधुवन नगरपालिका,वर्दिया
श्रीमान नगर उपप्रमुखज्यू, मधुवन नगरपालिका,बर्दिया
श्री वडा अध्यक्षज्यू, वडा नं. १ देखि ९ सम्म मधुवन नगरपालिका,वर्दिया